प. सं. : प्र.शा. ०८२/०८३
च.नं. : १६५४

लिसंखु पाखर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय अत्तरपुर, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

मिति : २०८३/०१/२३
ने.सं. : ११४६

विषय : सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
लिसंखु पाखर गाउँपालिका ।

प्रस्तुत विषयमा जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकको च.नं. ३५६२ मिति २०८३/०१/२२ को सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धी पत्र र सो पत्रसाथ रहेको गृह मन्त्रालय, (आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा)को च.नं. ६५० मिति २०८३/०१/१७ को पत्र यसैसाथ संलग्न छ । व्यहोरा अवगत गर्नुभई विवरण उपलब्ध गराइ दिनुहुन अनुरोध छ ।

८२।१।२३

बीर बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ,**
श्री जिल्ला प्रशासन कार्यालय,
सिन्धुपाल्चोक, चौतारा ।

श्री प्रशासन शाखा
१५।२३


नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

सिन्धुपाल्चोक, चौतारा

☎ : ०११-६२०१०६
☎ : ०११-६२०१३३
ईमेल:daochautara@gmail.com
daosindhupalchok@gmail.com


प.सं. प्र. ०८२/८३
चलानी नं. २४६२

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक

मितिः २०८३/०१/२२

विषयः सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।

श्री स्थानीय तह सबै,
सिन्धुपाल्चोक।

प्रस्तुत विषयमा गृह मन्त्रालय, (आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा) को च.नं. ६५० मिति २०८३/०१/१७ को सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने सम्बन्धी पत्र यसैसाथ संलग्न छ। व्यहोरा सोहीबाट अवगत गर्नुभई अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको विवरण उपलव्ध गराउनुहुनका साथै अतिक्रमण हटाउने योजना समेत पठाउनुहुन आदेशानुसार अनुरोध छ।

लिसंखु पाखर गाउँपालिका
सिन्धुपाल्चोक
दर्ता नं.: ३५०९
दर्ता मितिः २०८३/०१/२३

८३।१।२२
(निरन्जन पाखिन)
प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा)

ईमेलः moha.vehicle@gmail.com
vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३५
फ्याक्स नं. ०१-४२११२१५

पत्र संख्याः- आ.प्र.स. तथा स.स.व्य.शा- ०८२/८३
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- 636

नेपाल सरकार
गृह मन्त्रालय

सिंहदरवार,
काठमाडौं, नेपाल।
मितिः २०८३/०१/१६
नेपाल संवत् ११४६

विषयः- सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै (७७)

प्रस्तुत विषयमा सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापनका सम्वन्धमा यस मन्त्रालयको च.नं. ५५१ मिति २०८२/१२/२० को पत्रमार्फत तहाँ कार्यालयहरूमा परिपत्र गरिएको व्यहोरा विदितै छ। उल्लिखित पत्र बमोजिम सम्बन्धित निकायको सहयोग र समन्वयमा जिल्लामा रहेका अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गाहरूमा रहेको अतिक्रमण हटाउने योजना सम्बन्धित निकायबाट माग गरी यस मन्त्रालयमा पठाउनुहुंन र मन्त्रालयको स्वीकृति पश्चात् अतिक्रमण हटाउने कार्यका लागि यथोचित सुरक्षा प्रबन्ध लगायत अन्य आवश्यक सहजीकरण गर्नुहुन मिति २०८३/०१/१६ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

२०८३/०१/१६
(कृष्ण देवकोटा)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

(आन्तरिक प्रशासन, सवारीसाधन सभा समारोह व्यवस्थापन शाखा)

ईमेलः moha.vehicle@gmail.com
vmcmgmt@moha.gov.np
फोन नं. ०१-४२११२३५
फ्याक्स नं. ०१-४२११२१५

पत्र संख्याः- आ.प्र.स. तथा स.स.व्य.शा- ०८२/८३
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ६४०

सिंहदरबार,
काठमाडौं, नेपाल।
मितिः २०८३/०१/१७
नेपाल संवत् ११४६

विषयः सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा।

जिल्ला प्रशासन कार्यालय,
सबै (७७)।

प्रस्तुत विषयमा सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापनका सम्बन्धमा यस मन्त्रालयको च.नं. ६३७ मिति २०८३/०१/१६ को पत्र मार्फत तहाँ कार्यालयहरुमा परिपत्र गरिएको व्यहोरा विदितै छ। उक्त पत्रमा उल्लिखित केही विषयहरु थप प्रष्ट पार्न आवश्यक देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ९२ बमोजिम सरकारी तथा सार्वजनिक जग्गामा रहेको अतिक्रमण हटाउने सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनुहुन मिति २०८३/०१/१७ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

१. आफ्नो जिल्लामा रहेका सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घरपरिवारमध्ये को वास्तविक सुकुम्वासी हुन् र को होइनन् भन्ने पहिचान सम्बन्धित स्थानीय तहबाट भएको हुनुपर्ने,
२. वास्तविक पहिचान गरिएका सुकुम्वासीलाई तत्काल अन्यत्र व्यवस्थापन (सुरक्षित आवास, स्वस्थ खानपान, गोपनियताको संरक्षण, औषधी उपचार तथा परामर्श, महिला तथा अपाङ्गतामैत्री आवास कक्ष, सुरक्षा प्रबन्ध लगायत) योजनाको तयारी सम्बन्धित स्थानीय तहबाट गरिएको हुनुपर्ने,
३. वास्तविक सुकुम्वासीलाई व्यवस्थापन गर्ने योजना सहित आवश्यक सुरक्षा प्रबन्धका लागि स्थानीय तहले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा माग गर्न सक्ने,
४. माथि उल्लेखित व्यवस्थापन गर्ने योजना सहित सुरक्षा माग गरेमा जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयसँगको समन्वयमा जग्गाको अतिक्रमण हटाउन आवश्यक सुरक्षाको प्रबन्ध गर्ने,
५. अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा हटाउने कार्यका लागि तत् तत् निकायबाट गरिने कार्यका सम्बन्धमा तहाँ कार्यालयहरुबाट आम जनतालाई सुसूचित गर्ने गराउने।

२०८३/०१/१७
(कृष्ण देवकोटा)
शाखा अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४४१

सिंहदरबार,
काठमाडौं, नेपाल ।
मिति: २०८२/१२/२०
नेपाल संवत: ११४६

विषय: सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा अभिलेख व्यवस्थापन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२ चैत्र १३ को बैठकबाट शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरु स्वीकृत भएको अवस्था विदितै छ । उक्त कार्यसूचीको बुँदा नं. ९२ मा देहायको विषय उल्लेख रहेको छ:

*"सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने । नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने । नेपाल बाल संगठन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग (हरिबाबु आयोग) को प्रतिवेदन बमोजिम बाल सङ्गठनको जग्गा अतिक्रमण तथा हिनामिना सम्बन्धी अनुसन्धान १५ दिनभित्र सुरु गर्ने ।"*

नेपाल सरकार कार्यविभाजन नियमावली,२०७४ मा सरकारी, सार्वजनिक, गुठी, सामुदायिक तथा पर्ती जग्गाको संरक्षण र निजी, सरकारी, गुठी, सामुदायिक तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापनको कार्यक्षेत्र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत रहेको छ। स्थानीय सरकार संरक्षण ऐन, २०७४ को दफा ११ मा सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको लागि स्थानीय तहले नगर प्रहरीको परिचालन गर्न सक्ने व्यवस्था गरेको छ ।

त्यसैगरी, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा ६(क) मा सरकारी जग्गा, सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कायम नभै कसैले घर बनाउन नहुने र त्यसो गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्ने लगायत

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-५५१

सिंहदरवार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार गृह मन्त्रालय

को व्यवस्था रहेको छ । सोही ऐनको दफा १० क मा सार्वजनिक सम्पत्तिको अभिलेख राखे विषयमा समेत प्रमुख जिल्ला अधिकारीको भूमिकालाई स्पष्ट गरेको छ ।

अतः नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को निर्णय अनुसार स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीको बुँदा नं. ९२ को कार्यान्वयनको लागि स्थानीय प्रशासन ऐन, २०२८ ले दिएको अधिकार बमोजिम सम्बन्धित निकायको समन्वयमा सरकारी तथा सार्वजनिक सम्पत्तिको अभिलेखलाई अद्यावधिक गर्नु गराउनुहुन साथै सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण नियन्त्रणको लागि तहगत सरकार अन्तर्गतका सम्बन्धित निकायवाट सहयोग र सहजीकरण माग भएको अवस्थामा यथोचित सुरक्षा प्रबन्ध लगायत अन्य आवश्यक सहजीकरण गर्नुहुन मन्त्रालयको मिति २०८२/१२/२० (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ।

२०८२।१२।२०

कृष्ण देवकोटा
शाखा अधिकृत